देवाही गोनाही नगरपालिका कार्यालयको आज मिति २०८३/०५/११ गते बिहिबारका दिन दिउसो ३:०० बजे नगरपालिकाको कार्यवाहक नगर प्रमुख श्री परनिया देवी ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नगर पालिकाको सभा कक्षमा बस्यो । बैठकमा उपस्थिती , प्रस्ताव र निर्णयहरु निम्नानुसार रहेको छ ।

उपस्थिति :-

| क.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री परनिया देवी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री सफिना खातुन | वडा अध्यक्ष-१ | |
| ३. | श्री अतिक् | वडा अध्यक्ष-२ | |
| ४ | श्री संजय प्रसाद पटेल | वडा अध्यक्ष-३ | |
| ५ | श्री नैमुदिन मियाँ अन्सारी | कार्यवाहक वडा अध्यक्ष-४ | |
| ६ | श्री ओपेन्द्र साह कानू | वडा अध्यक्ष-५ | |
| ७ | श्री विष्णमु दास | वडा अध्यक्ष-६ | |
| ८ | श्री उपेन्द्र राय यादव | वडा अध्यक्ष-७ | |
| ९ | श्री विजय प्रसाद पटेल | वडा अध्यक्ष-८ | |
| १० | श्री विरवहादुर साह | वडा अध्यक्ष-९ | |
| ११ | श्री रहिमा वेगम | कार्यपालिका सदस्य | |
| १२ | श्री अमेरिखा देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री चुल्हिया देदी | कार्यपालिका सदस्य | |
| १४ | श्री जसोधा देवी | कार्यपालिका सदस्य | |
| १५ | श्री विन्देश्वर प्रसाद जैसवाल | कार्यपालिका सदस्य | |
| १६ | श्री अजयकान्त साह | कार्यपालिका सदस्य | |
| १७ | श्री अंजिला देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश साह कलवार | कार्यपालिका सदस्य | |
| १९ | श्री पवन कुमार केशरी | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

CamScanner

प्रस्तावहरु :-

१.निर्णय कार्यान्वयन सम्बन्धमा ।

२.रकमान्तर सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल छलफल गर्दा जिल्ला रौतहट देवाही गोनाही नगरपालिका वडा नं.९ धरहरी बस्ने शान्ति देवीले अस्थाई इजलास वीरगंजबाट जारी भएको २०८२ सालको मुद्दा नं.०८२-FJ-००८० रिट शाखाबाट यस नगरपालिकाको नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत माथि आफुले विद्यालयमा काम गरेको र पारिश्रमिक वापत तलव भत्ता नदिएको भन्ने विषयमा दिईएको अवहेलना मुद्धाको सन्दर्भमा निज निवेदिकाले के कहाँ आफुखुसी कार्यालय सञ्चालन गरी कामकाज गरेको हो सो बारेमा यस नगरपालिका कार्यालयको नगर प्रमुख र प्रशासकीय अधिकृत समतेलाई कुनै किसिमको जानकारीमा नरहेको र विपक्षी निवेदीकालाई यस्तै तलव भता खुवाउने गरी सम्वन्धित मन्त्रालयवाट आ.व.२०७६/०७७ र आ.व.२०७७/०७८ को शसर्त अनुदानको रकम LMBIS मा निकासा भएको अख्तियारीको पनि प्राप्त नभएको, यस स्थानीय तहमा रहेको स्वास्थ्य शाखा, प्रशासन शाखा, शिक्षा शाखा, कृषि शाखा समेतको तलव भता लगायतको सम्पुर्ण खर्चको रकम सम्बन्धित मन्त्रालयबाट सशर्त अनुदानको रुपमा प्रत्येक आ.व.मा यस नगरपालिकामा निकास भई आउने गरेकोमा चालु आ.व.मा पनि नगर सभाबाट विपक्षी निवेदिकाको तलव भता दिने गरी बजेट विनियोजन नभएको, नगरपालिकाको आन्तरिक स्रोतबाट पनि तलव भता दिने गरी विपक्षी निवेदिकाको नियुक्ति पत्र पनि नरहेको, देवाही गोनाही नगरपालिकाको करार सेवको कर्मचारी पनि नरहेको, निवेदिकाको म्याद थप गरिएको रेकर्ड प्रमाण नरहेको, नेपाल सरकारबाट त्यस्तो सशर्त अनुदान रकम प्राप्त भएको रेकर्डबाट नदेखिएको , आ.व.२०७६/०७७ र आ.व.२०७७/०७८ मा पनि विपक्षी निवेदीकाको तलब सम्वन्धमा सम्बन्धित मन्त्रालयबाट कुनै निकास भई नआएकोले समयमा नै कानुनी उपचारको बाटो आवलम्वन्ध गर्नुपर्नेमा सो पनि नगरेकोले त्यसतो स्थितिमा विपक्षीले काम गरेको होला भनी विश्ववासलायक नदेखिएकोले यस आधारमा प्रमाणहरुवाट माग दाव्वी अनुसारको आदेश जारी हुनुपर्ने होईन विपक्षीको कुनै संवैधानिक अधिकारमा अघात यस नगरपालिकाले नपुयाएकोमा निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.व.२०८३/०८४ को नगर सभा सञ्चालन तथा खर्च भुक्तानी शिर्षकमा रकम अपुग भएकोमा तल तपसिल वमोजिमको योजना तथा कार्यक्रमबाट रकम कट्टा तथा रकमान्तर गरी भुक्तानी गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

तपसिल :-

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम रु. | घट रु. | थप रु. | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लागु औषधी नियन्त्रण सम्वन्धी जनचेतनामुलक वा सडक नाटक कार्यक्रम | ५,००,०००।- | ५,००,०००।- | | आन्तरिक | |
| २. | नगरपालिकाको अन्य कार्यालय सञ्चालन खर्च | १६,००,०००।- | १६,००,०००।- | | आन्तरिक | |
| ३. | गत आ.व.२०८३/०८४ को सभा सञ्चालन खर्च भुक्तानी | ० | | २१,००,०००।- | आन्तरिक | |